# कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

प्रमाणिकरण मितिः २०७७/१२/२९

# खप्तड छेडेदह गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# डोगडी बाजुरा
# सुदूरपश्चिम प्रदेश नेपाल

**फोन नं ०९६६९०८०१**
Email : icto.chhededaha@gmail.com web : www.chhededahamun.gov.np

**कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६**

**प्रस्तावनाः**

खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र गैरप्राकृतिक विपद् कोरोना भाइरस (कोभिड-१९) बाट हुन सक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थापना भएको कोरोना भाइरस संक्रमण रोकथाम,नियन्त्रण तथा उपचार कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भएकाले खप्तड छेडेदह गाउकार्यपालिकाको मिति २०७६ चैत्र २९ गतेको निर्णय बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयबाट कोभिड १९ को कारण प्रभावित क्षेत्रहरुका लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ को बुँदा (१) को (४) बमोजिम तथा गाउँपालिकाको विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७५ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस कार्यबिधिको नाम “कोभिड१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६” रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले खप्तड छेडेदह गा.पा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) “कार्यविधि” भन्नाले कोभिड १९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि, २०७६ सम्झनुपर्छ।

(ग) “कोष” भन्नाले ऐनको दफा १२ बमोजिमको कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष सम्झनुपर्छ।

(घ) “प्रभावित व्यक्ति” भन्नाले कोरोना भाइरसको प्रकोपबाट वा नेपाल सरकारले घोषणा गरेको लकडाउनबाट परिवारका सदस्य गुमाएको, स्वास्थ्यजन्य समस्या उत्पन्न भएको, आय वा रोजगारी गुमाएका व्यक्ति र निजको परिवार वा कोरोना भाइरसका कारण अन्य कुनै तरिकाबाट प्रभावित व्यक्तिलाई सम्झनुपर्छ।

(ङ) “राहत” भन्नाले कोरोना महामारी प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ।

(च) “समिति” भन्नाले ऐनको दफा ८ बमोजिमको समिति सम्झनुपर्छ ।

(छ) “संयोजक” भन्नाले समितिको संयोजक सम्झनुपर्छ।

## परिच्छेद - २

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. **<u>कोषको स्थापना:</u>** (१) कोरोना भाइरसको कारण उत्पन्न भएको वा हुनसक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य स्थानीयस्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक पर्ने स्रोत संकलन र परिचालन गर्न गाउँपालिकामा एक कोभिड १९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष रहनेछ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि खप्तड छेडेदह गाउँपालिकाको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खातामा जम्मा गरी अलग्गै हिसाव राखिनेछ ।

(३) कोषको आय अन्तर्गत यस कार्यविधिको दफा ६ बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त रकम तथा कोषमा मौज्दात रहेको रकमबाट प्राप्त ब्याजलाई समावेश गरिनेछ।

(४) कार्यविधिको दफा ७ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिनेछ।

४. **<u>कोष सम्बन्धी विशेष व्यवस्था:</u>** (१) कोषको रकम कोरोना भाइरस संक्रमण नियन्त्रणसँग सम्बन्धित कार्ययोजना बमोजिमका क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ।

(२) कोरोना भाइरस संक्रमण पूर्णरुपमा नियन्त्रणमा आएको भनी नेपाल सरकारले घोषणा गरेको तीन महिनाभित्र यस कोषमा रहेको रकम विपद व्यवस्थापन कोषमा स्वतः स्थानान्तरण हुनेछ।

(३) उपदफा (२) बमोजिम स्थानान्तरण गर्दा कोषको श्रेस्ता र दायित्व बाँकी भए सो समेत विपद व्यवस्थापन कोषमा स्थानान्तरण हुनेछ।

५. **<u>कोषको उद्देश्य:</u>** (१) कोभिड-१९ ले हाल पारेको प्रभाव र पार्न सक्ने प्रभावको संक्रमण रोकथाम, नियन्त्रण तथा न्यूनीकरण गर्दै प्रभावित व्यक्तिलाई आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउनु कोषको उद्देश्य हुनेछ।

(२) कोषले देहायका क्षेत्रमा काम गर्ने छः

(क) कोभिड-१९ बाट संक्रमित वा प्रभावित व्यक्तिहरूको खोज तथा उद्धार गरी अत्यावश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने।

(ख) प्रकोप जोखिम न्यूनीकरण र प्रभावितहरूलाई तत्काल राहत उपलब्ध गराउने।

६. **<u>कोषको आम्दानी :</u>** (१) कोषमा देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछ:

(क) खप्तड छेडेदह गाउँपालिकाको वार्षिक बजेटमार्फत विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकमबाट कार्यपालिकाको निर्णय अनुसार यस कोषमा स्थान्तरित रकम,

(ख) प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाको निर्णय बमोजिम अन्य शिर्षकबाट यस कोषमा सारिएको रकम,

(ग) अन्य स्थानीय तहबाट सहायतावापत प्राप्त रकम,

(घ) नेपाल सरकार र प्रदेश सरकारबाट कोभिड १९ संक्रमण रोकाथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यका लागि प्राप्त रकम,

(ङ) गाउँ सभा सदस्य, गाउँ कार्यपालिका सदस्य तथा गाउँपालिकाका कर्मचारीहरूबाट प्राप्त सहयेग रकम,

(च) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, संघ संस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

(छ) गैर आवासीय नेपाली, वैदेशिक सरकार तथा संघ संस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रही प्राप्त हुने रकम,

(ज) कोषमा मौज्दात रहेको रकममा उपलब्ध हुने ब्याज आय,

(झ) दफा ७ को उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त आय,

(ञ) प्रचलित कानूनको अधिनमा रही कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ३ को उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्नेछ। त्यसरी नगदै जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनुपर्नेछ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गतेभित्र सार्वजनिक गरिनेछ।

तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन।

७. **वस्तुगत सहायता सामग्रीः** (१) कुनै व्यक्ति वा संस्थाबाट वस्तुगत सहायता सामग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री कोभिड-१९ निदान संबन्धि स्वास्थ्य उपकरण, औषधी, संक्रमण नियन्त्रण संबन्धि अन्य सामाग्री र प्रभावितहरूलाई राहत प्रदान गर्ने सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामग्रीलाई स्वीकार गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामग्रीलाई अलग्गै मौज्दात किताबमा अभिलेख जनाई त्यस्तो सामग्रीको उपलब्ध भएसम्म मूल्य जनाइ वा नजनाइ कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुगत सहायता सामग्री कोरोना भाइरस संक्रमण नियन्त्रण वा राहत सहयोगको कार्यमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा त्यस्तो सहयोग आंशिक वा पूर्णरूपमा अस्वीकार गर्न सकिनेछ।

(४) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुगत सहायता सामग्री प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामग्रीलाई अस्वीकार गर्न सकिनेछ।

८. **कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिः** (१) गाउँपालिका भित्रको कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि देहाय बमोजिम गाउँ कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समिति रहनेछ।

- गाउँपालिका अध्यक्ष -संयोजक
- गाउँपालिका उपाध्यक्ष -सदस्य
- प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- प्रत्येक वडाका वडा अध्यक्ष -सदस्य
- वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक -सदस्य

- सामाजिक विकास समितिका संयोजक -सदस्य
- प्रतिनिधि, स्थानीय प्रहरी कार्यालय -सदस्य
- स्वास्थ्य शाखा प्रमुख -सदस्य
- नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (एकजना) -सदस्य
- विपद् व्यवस्थापन सम्बन्धी कार्य हेर्ने गरी तोकिएको शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले स्थानीय विपद् व्यवस्थापन सम्बन्धी कार्यमा योगदान पुऱ्याउन सक्ने अन्य व्यक्ति वा गैर सरकारी संस्थालाई आवश्यकतानुसार आमन्त्रण गर्न सक्नेछ।

९. **कोषको प्रयोग :** (१) कोभिड-१९ संक्रमण नियन्त्रण र राहतका लागि कोषमा जम्मा भएको रकम तथा वस्तुगत सहायता सामग्री खर्च गर्नका लागि समितिले आवश्यकतानुसार निर्णय गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ संक्रमण विरूद्ध तत्काल प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको तर समितिको बैठक तुरुन्तै बस्न सक्ने अवस्था नरहेमा तत्पश्चात लगत्तै बस्ने समितिको बैठकबाट अनुमोदन हुने गरी संयोजकको निर्णयबाट एक पटकमा बढिमा दश हजार रूपैयासम्म खर्च गर्न बाधा पुग्ने छैन।

(३) कोषको रकम तथा सामग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ:

(क) कोभिड-१९ संक्रमण वा जोखिममा रहेका वा त्यसबाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्दार उपचार सम्बन्धी कार्य गर्न,

(ख) कोभिड-१९ सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(ग) कोभिड-१९ संक्रमणबाट बच्ने सामग्री खरिद तथा वितरणको कार्य गर्न,

(घ) कोभिड-१९ उपचार सम्बन्धी कार्यमा संलग्न स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि, स्वास्थ्य उपकरणहरु, सेनिटाइजर, मास्क, पञ्जा लगायतका सामग्री, स्वास्थ्यकर्मीको सुरक्षाका लागि व्यक्तिगत सुरक्षा सामाग्री खरिद र ढुवानी गर्न,

(ङ) कोभिड-१९ प्रभावित व्यक्तिको तत्काल राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइका सामग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(च) कोभिड-१९ प्रभावित वा जोखिममा परेका व्यक्तिहरूलाई राख्ने सुरिक्षत स्थल निर्माण गर्न,

(छ) कोभिड-१९ बाट संक्रमित व्यक्तिको औषधोपचार गर्न,

(ज) कोरोना भाइरस संक्रमित तथा प्रभावित व्यक्तिलाई मनोपरामर्श तथा उपचार गर्न,

(झ) कोरोना भाइरसको कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रियाका लागि निजको परिवारलाई सहायता उपलब्ध गराउन,

(ञ) कोरोना भाइरस सम्बन्धी विमारी वा जोखिम समूहको खोज, उद्धार तथा परामर्शका लागि स्वयम्सेवक तथा विशेषज्ञको परिचालन र सामग्री खरिद तथा भण्डारण गर्न,

(ट) कोरोना भाइरसका कारण नेपाल सरकारबाट घोषित लकडाउनको अवधिमा स्थानीय उत्पादनको बजार पहुंच सुचारू गर्न तथा आपूर्ति व्यवस्था सुचारू गर्न,

(ठ) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानमा रहेका विमारी वा जोखिममा रहेका व्यक्तिलाई सुरक्षित क्वारेन्टाइन वा आइसोलेसन स्थलसम्म स्थानान्तरण गर्न,

(ङ) समितिले तोके बमोजिमको कोरोना भाइरस नियन्त्रण तथा राहत सम्बन्धी अन्य काम गर्न, गराउन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित रूपमा सम्पादन गरिने प्रकृतिका कार्यलाई यस कोषसंग आवद्ध गराई कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन।

**१०. <u>राहत सहायता वितरण:</u>** (१) खाद्य आवश्यकताको आधारमा यस गाउँपालिका भित्रका दलित श्रर्मिक वर्ग, असहाय तथा विपन्नहरुलाई प्रति परिवारका लागि देहायका समाग्री राहत स्वरुप वितरण गरिनेछ ।

(क) चामल ३०किलोग्राम

(ख) दाल ३ किलोग्राम

(ग) नुन २ प्याकेट

(घ) खाने तेल २ लिटर

(ङ) गेडागुडी ...... किलोग्राम

(च) अन्य ......

(२)खाद्य आवश्यकताको आधारमा यसगाउँपालिका भित्रका गैरदलित श्रमिक वर्ग असहाय तथा विपन्नहरुलाई आयस्रोतका आधारमा अति विपन्न, विपन्न, सामान्य घरपरिवार भनि वर्गिकरण गरेका घरपरिवारका लागि देहायका सामाग्रीहरु राहत स्वरुप वितरन गर्न सकिनेछ।

(क) अति बिपन्न घरपरिवार लाई चामल २०किलोग्राम

(ख) बिपन्न घरपरिवार लाई चामल १५ किलोग्राम

(ग) सामान्य घरपरिवार लाई चामल १० किलोग्राम

(घ) खाने तेल १ लिटर

(३) प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामग्रीमध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ।

(४) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोभिड-१९ बाट प्रभावित व्यक्तिको विवरण वडाबाट प्रमाणित भएको हुनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम प्रमाणित गरेको व्यक्तिलाई कोषमा जम्मा भएको रकम तथा राहत सामग्रीको उपलब्धता र औचित्य समेतका आधारमा समितिले उचित ठह्याएर बमोजिम वितरण गरिनेछ।

(६) तत्काल राहत उपलब्ध नगराउँदा प्रभावित व्यक्ति थप जोखिममा गर्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ।

(७) यस मापदण्ड बमोजिम राहत विवरण गर्दा एक परिवारलाई एक ईकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै, परिवार संख्या कायम गर्दा ४ जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्री को पुरै र सो भन्दा बढि परिवार संख्या भएमा प्रति व्यक्ति अनुसार थप गरि वितरण गरिनेछ । परिवार बाहेकका मजदुरको हकमा ४ जना बराबर १ परिवार मानेर राहत वितरण गरिनेछ ।

(८) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

११. **<u>वितरण गर्ने विधि:</u>** (१) देहायको विधि अवलम्बन गरी दफा १० बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री वितरण गर्नु पर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्ने नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्नेM

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र दफा १० बमोजिमको सामागी् उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सूची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध छनौट गर्ने ।

(३) दफा १० (३) बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने वा गाउपालिकाले खरीद गरी दफा १० बमोजिम वितरण गर्ने ।

(४) राहत वितरणको अभिलेख र प्रतिवेदन:

(क) सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यलयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति गाउँपालिका कार्यालयमा पठाउनुपर्नेछ ।

(ख) राहतको प्रतिवेदन अनुसूचि ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ग) खप्तड छेडेदह गाउँकार्यपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

१२. **<u>कोषको प्रयोग गर्न नपाईने:</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) कोरोना भाइरस प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, सेमिनार, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न, गराउन,

(च) कोरोना भाइरस संक्रमण नियन्त्रण, न्यूनीकरण वा प्रभावितलाई राहत व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन।

(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामग्रीमध्ये कुनै पनि सामग्री पूर्ण वा आंशिकरूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिनेछैन।

## परिच्छेद - ३

## कोषको सञ्चालन, लेखा तथा लेखा परिक्षण

१३. **<u>कोषको सञ्चालन :</u>** (१) कोषको खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(२) कोषबाट नेपाल सरकारले तोकेको मापदण्ड वा अवस्था अनुसार समितिले तोकेको मापदण्ड अनुसार सामग्री वा नगदमा सहायता दिन सकिने छ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामग्रीको निकासा तथा आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामग्री कोरोना भाइरस संक्रमण नियन्त्रण, राहत तथा व्यवस्थापन सम्बन्धी कार्यमा उपयोगका लागि निकासा गर्दा जिन्सी किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ।

१४. **<u>कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकरण :</u>** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिकरूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामार्फत गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ ।

१४. **<u>लेखा परीक्षण</u> :** (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(४) गाउँ कार्यपालिकाले उक्त कोष स्थानीय कानूनअनुसार सामाजिक र सार्वजनिक लेखापरीक्षणको व्यवस्था मिलाउने छ।

## परिच्छेद -४

## विविध

१५. **<u>सहयोगका लागि आह्वान गर्ने :</u>** (१) कोरोना भाइरसका कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न गाउँपालिकाले व्यक्ती, संस्था, स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

१६. **<u>अभिलेख राख्ने :</u>** (१) समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य-सचिवको जिम्मामा रहनेछ ।

१७. **अनुगमन:** (१) यस कार्यविधि बमोजिम कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका प्रत्येक वडामा संबिन्धत वडाका जनप्रितिनिधि संयोजकत्वमा अन्य दुईजना सदस्य रहने गरी टोली गठन गरी अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमि कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ।

(५) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरूपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१८. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१९. **यसै बमोजिम हुने:** यस गाउँपालिकाबाट कोभिड-१९ रोकथाम तथा व्यस्थापनका लागि भए गरेका कार्य तथा खर्चहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूचीहरू

अनुसूचि - १

(दफा १० सँग सम्बन्धित)

अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण

१. नाम थर : २. बावुको नाम:

३. बाजेको नाम :

४. स्थायी ठेगाना : ५. हालको ठेगाना :

६. टेलिफोन वा मोबाईल नम्वर :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :

८. गर्ने गरेको कामको विवरण :

९. पेशगरेको कागजातको विवरण : (कम्तीमा कुनै एक कागजात संलग्न गर्नु पर्ने)

क. नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्य ;

१०. राहत लिने व्यक्तिको स्वःघोषणा :

म र मरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक :

दस्तखत :

मिति : औठाको छाप

दायाँ बायाँ

सिफारिस गर्ने पदाधिकारी :

दस्तखत :

कार्यालयको नाम :

पद : वडा न. :

नाम :

मिति :

अनुसूचि : २

(दफा १० को उपदफा ३ सँग सम्बन्धित)

वडा नं. ..........कार्यालय................

**राहत वितरणको अभिलेख**

| क्र.सं. | प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बावुको नाम | बाजेको नाम | राहतको विवरण | बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखत :

नाम थर, :

टेलिफोन नं. :

अनुसूचि : ३

(दफा ११ को उपदफा ४ (ख) सँग सम्बन्धित)

**प्रतिवेदनको ढाँचा**

| क्र.सं. | प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बावुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको
दस्तखत :
नाम थर :
टेलिफोन नं. :